# सुदूरपश्चिम प्रदेश सरकारको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक

**प्रस्तावना:** सुदूरपश्चिम प्रदेश सरकारको आर्थिक वर्ष २०८०/८१ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नका लागि राजस्व सङ्कलन गर्ने, कर घटाउने, कर बढाउने र कर छुट दिने तथा प्रदेशको राजस्व प्रशासन सम्बन्धमा आवश्यक कानुनी व्यवस्था गर्न वाञ्छनीय भएकाले,

सुदूरपश्चिम प्रदेश सभाले यो ऐन बनाएको छ।

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ:** (१) यस ऐनको नाम "सुदूरपश्चिम प्रदेश आर्थिक ऐन, २०८०" रहेको छ।

(२) यो ऐन सम्वत् २०८० साल साउन १ गतेदेखि सुदूरपश्चिम प्रदेशभर प्रारम्भ हुनेछ।

२. **घरजग्गा रजिष्ट्रेशन शुल्क:** (१) प्रदेशभित्र घरजग्गा रजिष्ट्रेशन लगायतको रजिष्ट्रेशन गर्दा अनुसूची-१ बमोजिम रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र दस्तुर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिम तोकिएको शुल्कको सङ्कलन सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले गर्नेछ।

(३) घरजग्गा लगायतको रजिष्ट्रेशन शुल्क रजिष्ट्रेशन गर्दाको बखतमा रजिष्ट्रेशन पारित गरी गराई स्वामित्व प्राप्त गर्ने व्यक्तिलाई लाग्नेछ।

(४) घरजग्गा रजिष्ट्रेशन शुल्क प्रत्येक कारोबारको लिखतमा उल्लेख भएको रकम वा सो प्रयोजनको लागि निर्धारण गरिएको न्यूनतम मूल्याङ्कन रकममध्ये जुन बढी हुन्छ सो रकममा लाग्नेछ।

(५) यस दफा बमोजिम उठाइएको रजिष्ट्रेशन शुल्क स्थानीय विभाज्य कोषमा जम्मा गरी उक्त विभाज्य कोष मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा प्रत्येक महिना समाप्त भएको मितिले १५ दिनभित्र जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(६) यस दफा बमोजिम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले घर जग्गा रजिष्ट्रेशन पारित गर्दाको अवस्थामा नेपाल सरकारले तोकेको दरमा पुँजीगत लाभकर असुल गरी नेपाल सरकारले तोकेको राजस्व खातामा जम्मा गर्नु पर्नेछ।

(७) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह तथा सरकारी निकायलाई घर, जग्गा वा घरजग्गा रजिष्ट्रेशन गर्दा कुनै शुल्क लाग्ने छैन।

(८) यस दफामा जुनसुकै कुरा उल्लेख भए तापनि स्थानीय तहको स्रोत, साधन, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म संघीय आर्थिक विधेयक, २०८० को दफा ४० बमोजिम नेपाल

सरकारको सम्बन्धित कार्यालयले यस ऐनले निर्धारण गरे बमोजिमको दर अनुसारको शुल्क, कर तथा दस्तुर लगायतको राजस्व सङ्कलन गर्नु पर्नेछ।

३. **<u>सवारी साधन कर, शुल्क तथा दस्तुरः</u>** (१) प्रदेशभित्र सवारी साधन दर्ता र नवीकरणका बखत लाग्ने सवारी साधन कर, सेवा शुल्क र दस्तुर अनुसूची-२ बमोजिम लगाइ असुल उपर गरिनेछ।

**<u>स्पष्टीकरण</u>**ः यस दफाको प्रयोजनको लागि "सवारी साधन" भन्नाले इन्धन वा ऊर्जा प्रयोग गरी यान्त्रिक शक्तिबाट स्थल मार्गमा चल्ने सवारी साधन (कार, जिप, भ्यान, माइक्रोबस, डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, मिनीट्रिपर, क्रेन, ट्रेक्टर, पावर टिलर, लहरी, ट्रक, मिनीट्रक, बस, मिनीबस, मोटरसाइकल, स्कुटर, अटोरिक्सा, टेम्पो) सम्झनु पर्छ।

(२) उपदफा (१) बमोजिमको रकममध्ये अनुसूची-२ को खण्ड क. बमोजिमको सवारी साधन कर प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयले सङ्कलन गरी प्रदेश विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम प्रदेश विभाज्य कोषमा जम्मा भएको रकमको साठी प्रतिशतले हुने रकम प्रदेश सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रूपमा गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाको स्थानीय सञ्चित कोषमा प्रत्येक महिना समाप्त भएको १५ दिनभित्र जम्मा गरी सम्बन्धित स्थानीय तहलाई सोको विवरण सहितको जानकारी पठाउनेछ।

(४) उपदफा (३) बमोजिमको बाँडफाँट राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तयार गरेको सूत्र बमोजिम प्रदेश लेखा नियन्त्रक कार्यालयले गर्नेछ।

(५) सवारी साधन भएका व्यक्तिले आफ्नो स्थायी ठेगाना वा बसाइसराई गरेको स्थान वा रोजगार वा व्यवसायको सिलसिलामा तत्काल बसोबास स्थान वा कारोबार दर्ता स्थान रहेको प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयमा तोकिए बमोजिम सवारी साधन दर्ता गरी सवारी साधन कर बुझाउनु पर्नेछ।

(६) उपदफा (१) बमोजिम सङ्कलित रकममध्ये अनुसूची-२ को खण्ड ख. बमोजिमको सवारी साधन दस्तुर तथा शुल्क प्रदेश अन्तर्गतका यातायात व्यवस्था कार्यालयले सङ्कलन गरी मासिक रूपमा प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा (इ-रिक्सा) र पावर ट्रिलरमा सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ।

(८) उपदफा (७) बमोजिम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले सङ्कलन गरेको सवारी साधन कर विभाज्य कोषमा जम्मा गरी सो रकमको साठी प्रतिशतले हुने रकम स्थानीय सञ्चित

कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयलाई पठाउनु पर्नेछ।

४. **मनोरञ्जन करः** (१) प्रदेशभित्र सञ्चालित चलचित्र घर, खेलकुद प्रतियोगिता, फन पार्क, पार्क, स्वीमिङ पुल, डिजिटल टेलिभिजन, साँस्कृतिक कार्यक्रम, कन्सर्ट, नाटकघर, भिडियो घर, थियटर र मेला महोत्सव लगायतका मनोरञ्जनस्थल र क्रियाकलापमा अनुसूची-३ बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको मनोरञ्जन करबाट उठेको रकम मनोरञ्जन व्यवसाय सञ्चालक वा धनीले कर उठाएको महिनाभन्दा पछिको महिनाको २५ गतेभित्र सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकामा विवरण सहित जम्मा गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम जम्मा भएको रकम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले विभाज्य कोषमा राखी सो विभाज्य कोष मध्येबाट साठी प्रतिशतले हुन आउने रकम सम्बन्धित स्थानीय सञ्चित कोषमा र बाँकी चालिस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) यस दफा बमोजिमको कर प्रशासन गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले गर्नेछ।

(५) उपदफा (१) बमोजिमको मनोरञ्जन कर सम्बन्धी अन्य व्यवस्था आर्थिक मामिला मन्त्रालयले तर्जुमा गरेको कार्यविधिमा निर्धारण भए बमोजिम हुनेछ।

५. **विज्ञापन करः** (१) प्रदेशमा विज्ञापन सामग्री राखे बापत लाग्ने विज्ञापन कर सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले लगाउने र उठाउनेछ।

(२) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहले राखेका विज्ञापन सामग्रीमा विज्ञापन कर लाग्ने छैन।

(३) उपदफा (१) बमोजिम जम्मा भएको रकम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले विभाज्य कोषमा राखी उक्त विभाज्य कोष मध्येबाट साठी प्रतिशतले हुने रकम सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रूपमा प्रदेश सञ्चित कोषमा जम्मा गरी सोको विवरण सहितको जानकारी आर्थिक मामिला मन्त्रालयमा पठाउनु पर्नेछ।

(४) विज्ञापन कर असुल सम्बन्धी अन्य व्यवस्था गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाको कानुन बमोजिम हुनेछ।

६. **कृषि आयमा कर:** (१) प्रदेशले आफ्नो क्षेत्रभित्र उत्पादित कृषि उपजको बिक्रीबाट प्राप्त हुने कृषि आयमा अनुसूची–४ बमोजिम कर लगाउनेछ।

(२) उपदफा (१) बमोजिमको कर भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतको कृषि ज्ञान केन्द्रले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा जम्मा गर्नेछ।

(३) उपदफा (१) बमोजिमको कर प्रशासन सम्बन्धी कार्यविधि आर्थिक मामिला मन्त्रालयले तर्जुमा गर्नेछ।

७. **पर्यटन शुल्क:** (१) नेपाल सरकारबाट हस्तान्तरण भई आएका र प्रदेश सरकारले निर्माण गरेको पर्यटनस्थल, पर्यटकीय पदमार्ग, तालतलैया, गुफा, धार्मिकस्थल तथा प्रदेशभित्रका पुरातात्विक, ऐतिहासिक, धार्मिक तथा साँस्कृतिकस्थल, संग्रहालय, पार्क, रक क्लाइम्बिङ, बन्जी जम्पिङ, ऱ्याफ्टिङ, क्यानोनिङ, जिप फ्लायर, अल्ट्रालाइट, प्याराग्लाइडिङ, केबुलकार, पिकनिकस्थल, भ्यू टावर, पर्यटकीय होटल तथा रेष्टुरा, ट्रेकिङ्ग तथा ट्राभल एजेन्सी, क्यूरियो तथा पर्यटकीय सामग्री बिक्री वितरण गर्ने व्यवसाय जस्ता पर्यटकीयस्थल, पर्यटन व्यवसाय र पर्यटकीय क्रियाकलापमा सेवाको लागत, सञ्चालन र सम्भार खर्चलाई आधार मानी सम्बन्धित निकायले अनुसूची–५ बमोजिम पर्यटन शुल्क लगाई उठाउन सक्नेछ।

(२) उपदफा (१) बमोजिमको पर्यटन शुल्क प्रदेश पर्यटन सम्बन्धी प्रचलित कानुन बमोजिम तोकिएको निकाय वा कार्यालयले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

८. **प्राकृतिक स्रोत सङ्कलन तथा बिक्री शुल्क:** (१) आर्थिक वर्ष २०८०/८१ मा रोडा, गेग्रान, स्लेट ढुङ्गा, चट्टान ढुङ्गा, गिटी ढुङ्गा, कटिङ ढुङ्गा, चिप्स, इट्टा पार्ने माटो, अन्य साधारण माटो, बालुवा, चुनढुङ्गा, नदी तथा खोलाले बगाएर ल्याएको काठ र दाउरा-जराजुरी जस्ता दहत्तर बहत्तर तथा खानी तथा नदीजन्य पदार्थको उत्खनन र सङ्कलनमा अनुसूची–६ बमोजिम शुल्क लगाइने र असुलउपर गरिनेछ।

**स्पष्टीकरण:** यस दफाको प्रयोजनको लागि "दहत्तर बहत्तर" भन्नाले नदी खोल्सा खोल्सी, वन क्षेत्र वा सार्वजनिक वा निजी जग्गाबाट उत्खनन वा सङ्कलन गरिने बहुमूल्य पत्थर, ऐतिहासिक र साँस्कृतिक महत्वका शालिग्राम, शीला र अति मूल्यवान वस्तु बाहेकका नदीले बगाई ल्याएको वा थिग्रिएको ढुङ्गा, गिट्टी, बालुवा, माटो, चट्टान, काठ, दाउरा, जराजुरी जस्ता नदीजन्य तथा खानीजन्य प्राकृतिक स्रोत सम्झनु पर्छ।"

(२) आर्थिक वर्ष २०८०/८१ मा उपदफा (१) बमोजिमका खानी तथा नदीजन्य पदार्थको उत्खनन्, सङ्कलन, प्रशोधन वा बिक्री वितरणको नियमन कार्यमा प्रचलित कानुन उलङ्घन गरेको पाइएमा अनुसूची-७ बमोजिम जरिवाना लगाइने र असुलउपर गरिनेछ।

(३) उपदफा (१) र (२) बमोजिमको शुल्क र जरिवाना गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले सङ्कलन गर्नेछ। यसरी सङ्कलित रकम स्थानीय तहको विभाज्य कोषमा जम्मा गर्नु पर्नेछ।

(४) उपदफा (३) बमोजिम गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले स्थानीय विभाज्य कोषमा जम्मा गरेको रकम बाँडफाँट गरी साठी प्रतिशत सम्बन्धित स्थानीय तहको सञ्चित कोष र चालिस प्रतिशत प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ।

(५) उपदफा (१) बमोजिमको सामग्री सङ्कलन गर्नु अघि प्रचलित कानुन बमोजिम आवश्यक पर्ने स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन र कार्ययोजना प्रदेश सरकारको सम्बन्धित मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिमको स्वीकृत वातावरणीय अध्ययन र कार्ययोजना प्राप्त भएमा प्रदेश सरकारको सम्बन्धित मन्त्रालयले संघीय र प्रदेश कानुनको अधीनमा रही वातावरणमा प्रतिकूल असर नपर्ने तथा सर्वसाधरणको हित हुने देखेमा गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकालाई त्यस्तो क्षेत्रमा उपदफा (१) बमोजिमको सामग्री सङ्कलन गर्न गराउन आवश्यक सर्त तोकी वा नतोकी स्वीकृति दिन सक्नेछ।

(७) उपदफा (६) बमोजिम स्वीकृति प्राप्त भएमा गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाले उपदफा (१) बमोजिमको सामग्री सङ्कलन गर्न गराउन सक्नेछ।

(८) स्थानीय तहले प्रचलित कानुनमा तोकिएको दरमा नघट्ने गरी उपदफा (१) बमोजिमको सामग्रीमा बिक्री मूल्य तोक्न सक्नेछ।

(९) यस दफा बमोजिम माटो, ढुङ्गा, गिट्टी, बालुवा, स्लेट, चुनढुङ्गा, ग्राभेल, खरिढुङ्गा, अभ्रग, दहत्तर बहत्तर, नदीजन्य, खानीजन्य तथा प्राकृतिक स्रोतको व्यवस्थापन सम्बन्धी कार्यविधि प्रदेश सरकारले निर्धारण गरे बमोजिम हुनेछ। प्रदेश सरकारले निर्धारण गरेको कार्यविधिको उलङ्घन गरेमा अनुसूची-७ बमोजिमको जरिवाना लाग्नेछ।

९. <u>वन पैदावार बिक्री शुल्कः</u> (१) प्रदेशभित्र वन पैदावार बिक्री बापतको शुल्क अनुसूची-८ बमोजिम लगाइ असुल उपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको शुल्क सम्बन्धी प्रशासन सम्बन्धित डिभिजन वन कार्यालयले गर्नेछ।

(३) यस दफा बमोजिम सङ्कलित शुल्क सम्बन्धित कार्यालयले प्रदेश सञ्चित कोषमा दाखिला गर्नेछ।

१०. <u>कृषि सेवा शुल्क तथा दस्तुरः</u> (१) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र मातहतका कार्यालयबाट प्रवाह गरिने सेवामा अनुसूची-९ बमोजिम सेवा शुल्क तथा दस्तुर लगाइने र असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको सेवा शुल्क तथा दस्तुरको प्रशासन प्रदेश सरकारबाट हुनेछ।

(३) उपदफा (१) बमोजिमको सेवा शुल्क तथा दस्तुर भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय अन्तर्गतका निकायले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

११. <u>निजी तथा साझेदारी व्यवसाय दर्ता तथा नवीकरण दस्तुरः</u> (१) निजी तथा साझेदारी व्यवसायको दर्ता तथा नवीकरण दस्तुर अनुसूची-१० बमोजिम असुलउपर गरिनेछ।

(२) उपदफा (१) बमोजिमको दस्तुर उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय अन्तर्गतका निकायले सङ्कलन गरी प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

१२. <u>जरिवानाः</u> (१) प्रदेशभित्र कुनै व्यक्ति, संस्था वा निकायले प्रदेश कानुनको उलङ्घन गरेको पाइएमा प्रदेश सरकारले दण्ड तथा जरिवाना गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमको दण्ड जरिवानाको दर प्रचलित कानुन बमोजिम हुनेछ।

१३. <u>सेवा शुल्क दस्तुरः</u> प्रदेशले नेपालको संविधानको अनुसूची-६, ७ र ९ बमोजिमका क्षेत्र र विषयमा आफूले प्रदान गरेको सेवा तथा सुविधा बापत सेवा शुल्क तथा दस्तुर लगाउन सक्नेछ। यसरी सङ्कलित सेवा शुल्क तथा दस्तुर सम्बन्धित मन्त्रालय वा निकायले प्रदेश सञ्चित कोषमा दाखिल गर्नु पर्नेछ।

१४. <u>प्रदेश विभाज्य कोषको रकम बाँडफाँटः</u> (१) प्रदेश विभाज्य कोष खातामा जम्मा भएको राजस्व रकम तोकिएको दरमा विभाजन गरी प्रदेशको हिस्सा प्रदेश सञ्चित कोषमा दाखिल गरी स्थानीय तहको हिस्सा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले तोकेको ढाँचा र आधार बमोजिम सम्बन्धित गाउँपालिका वा नगरपालिका वा उपमहानगरपालिकाको सञ्चित कोषमा दाखिल गरिनेछ।

(२) उपदफा (१) बमोजिमको राजस्व बाँडफाँट प्रदेश लेखा नियन्त्रक कार्यालय वा आर्थिक मामिला मन्त्रालयले तोकेको निकायले मासिक रूपमा गर्नेछ।

१५. <u>दर घटाउन, बढाउन वा छुट दिन सक्नेः</u> (१) प्रदेश कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि प्रदेश सरकारले आवश्यकता अनुसार यो ऐन र अन्य कानुन बमोजिम लगाइएका दस्तुर, शुल्क र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिन सक्नेछ। त्यस्तो दर घटाइएको, बढाइएको वा छुट दिइएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम करको दर घटाइएको, बढाइएको वा कुनै दस्तुर, शुल्क र कर आंशिक वा पूर्ण रूपमा छुट दिइएको विवरण प्रत्येक वर्ष आर्थिक मामिला मन्त्रालयले प्रदेश सभामा पेश गर्नु पर्नेछ।

(३) उपदफा (१) बमोजिम दिइएको पूर्ण वा आंशिक कर छुट सुविधा कसैले दुरूपयोग गरेमा वा कुनै खास प्रयोजनको लागि छुट सुविधामा प्राप्त गरेको मालवस्तु अन्य प्रयोजनमा प्रयोग गरेमा त्यसरी छुट दिइएको दस्तुर, शुल्क, महसुल र कर रकम असुल उपर गरी सो रकम बराबर जरिवाना गरिनेछ।

१६. <u>सवारी साधन सम्बन्धी विशेष व्यवस्था</u>ः टाँगा, रिक्सा, अटो रिक्सा, विद्युतीय रिक्सा (इ-रिक्सा) र पावर ट्रिलरको दर्ता, नवीकरण र रुट इजाजत सम्बन्धमा प्रदेशले स्थानीय तहसँगको समन्वयमा प्रदेशको संरचना मार्फत दर्ता, नवीकरण र रुट इजाजत सम्बन्धी अन्तरिम व्यवस्था गर्न सक्नेछ।

१७. <u>प्रक्रिया सरलीकरण वा बाधा अड्काउ फुकुवा गर्न सक्नेः</u> (१) यस ऐनको कार्यान्वयनको क्रममा सार्वजनिक शान्ति र व्यवस्थामा गम्भीर खलल पुगेको वा सार्वजनिक आवागमनमा अवरोध भएको वा प्राकृतिक प्रकोप वा विपद्को कारणले यस ऐनले प्रदान गरेको कुनै सुविधा उपभोग गर्न नपाउने अवस्था सिर्जना भएमा वा कुनै जटिलता देखिएमा वा यस ऐनको कार्यान्वयनमा कुनै बाधा अड्काउ परेमा आर्थिक मामिला मन्त्रालयले आवश्यकता अनुसार अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा कार्यान्वयनमा देखिएको बाधा अड्काउ फुकुवा गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बाधा अड्काउ फुकुवा गरेको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

१८. <u>प्रचलित कानुनको व्यवस्था कायम रहनेः</u> (१) यस ऐनमा व्यवस्था भए बाहेकका विषयमा प्रचलित कानुन बमोजिम विभिन्न निकायबाट सेवा प्रदान गर्दा उठाइएका कर, दस्तुर, महसुल र शुल्क अर्को कानुनी व्यवस्था नभएसम्म प्रचलित कानुनमा तोकिएको दर यथावत रूपमा लागू गरिनेछ।

(२) राजस्व दाखिल गर्ने सम्बन्धी अन्य व्यवस्था प्रदेश सरकार, आर्थिक मामिला मन्त्रालयले तोके बमोजिम हुनेछ।

## अनुसूची-१

(दफा २ को उपदफा (१) सँग सम्बन्धित)

**घरजग्गा तथा अन्य रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र दस्तुर**

**क. घरजग्गा तथा अन्य रजिष्ट्रेशन दस्तुरः**

| क.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | राजिनामा, सट्टापट्टा र सगोल्नामाको लिखत | | | |
| (क) | राजिनामा, सट्टापट्टा र सगोलनामाको लिखतको थैली अङ्कमा | ५.००% | ४.५०% | २.५०% |
| (ख) | सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन आवास इकाइको लिखतको थैली अङ्कमा | २.५०% | २.००% | १.५०% |
| (ग) | सामूहिक आवास योजना अन्तर्गत निर्मित भवन सहितको घरजग्गाको लिखतको थैली अङ्कमा | ४.००% | ३.००% | १.५०% |
| २. | छोडपत्र र दर्ताफारी | | | |
| (क) | (अ) छोडपत्र (तीनपुस्ता भित्र) | हालैको बकसपत्र सरह | | |
| | (आ) छोडपत्र (तीनपुस्ता बाहिर) | राजिनामा सरह | | |
| (ख) | (अ) दर्ताफारी (तीनपुस्ता भित्र) | हालैको बकसपत्र सरह | | |
| | (आ) दर्ताफारी (तीनपुस्ता बाहिर) | राजिनामा सरह | | |
| **स्पष्टीकरणः** छोडपत्र अन्तरगत आफ्नो हकहिस्सा बराबरको थैली अंकमा र दर्ताफारी अन्तर्गत संयुक्त दर्तावाला बीचको लिखतको कुल थैली अङ्कमा) | | | | |
| ३. | हालै देखिको बकसपत्रको लिखतः | | | |
| | हालै देखिको बकसपत्रको लिखतको थैली अंकमा | | | |
| (क) | बाजे, बज्यै, आमा, बावु, पति, पत्नी, दाजु, भाउजु, भाइ, भाईवुहारी, दिदी, बहिनी, छोरा, छोराबुहारी, छोरी, छोरीज्वाईं, सासु-ससुरा, जेठाजु, जेठानी, देवर, देउरानी, भतिजा, भतिजी, भतिजा बुहारी, नाति, नातिनी, नातिनीबुहारी, सहोदर काका, सहोदर काकी, सहोदर मामा, धर्म बाबु, धर्म आमा, सौतेनी आमा, सहोदर माइज्यू, भाञ्जा, भाञ्जी, ठूलो-बुवा, ठूली आमा (बाबु तर्फका), आमाजु, नन्द, सौता-सौता र एकै दाजु भाईको छोरा, छोरी, फूपू र भदा भदै बिच। | | | |
| | (अ) रु.१ लाखसम्मको थैली अङ्कमा | १.००% | १.००% | ०.५०% |
| | (आ) रु.१ लाखभन्दा माथि जतिसुकै थैली अङ्कमा | २.२५% | २.२५% | १.२५% |
| (ख) | अन्य बकसपत्र र दानपत्रको थैली अङ्कमा | १५.००% | १५.००% | १०.००% |
| | **स्पष्टीकरणः** सरकारी विश्वविद्यालय, सरकारी क्याम्पस तथा कलेज, सामुदायिक विद्यालय, सामुदायिक अस्पताल, नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, स्थानीय तहका कार्यालय, प्रदेश सरकार तथा नेपाल सरकारको नाममा प्राप्त हुने दानपत्रको लिखतमा कुनै दस्तुर लाग्ने छैन। | | | |
| ४. | अंशवण्डा तथा अंश भरपाईको लिखत | | | |
| | अंशवण्डा तथा अंश भरपाईको लिखतमा | | | |
| (क) | रु.३० लाखसम्मको थैली अङ्कमा | ०.२०% | ०.२०% | ०.२०% |

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| (ख) | रु.३० लाख भन्दा बढी रु.२ करोडसम्मको थैली अङ्कमा | ०.३०% | ०.३०% | ०.३०% |
| (ग) | रु.२ करोड भन्दा बढी रु.१० करोडसम्मको थैली अङ्कमा | ०.५०% | ०.५०% | ०.५०% |
| (घ) | रु.१० करोड भन्दा माथिको थैली अङ्कमा | ०.६०% | ०.६०% | ०.६०% |
| | <u>स्पष्टीकरण</u>:<br>(क) माथि क्र.सं. ४ को अंशवण्डा तथा अंश भरपाई लिखतहरुका हकमा आफ्नो घर जग्गा रहेको जिल्ला वा इलाकाको कुनै भूमिसुधार तथा मालपोत कार्यालयबाट पारित गर्न सकिनेछ।<br>(ख) अंशवण्डा र अंश भरपाई बाहेकका यस अनुसूचीमा उल्लिखित रजिष्ट्रेशन शुल्क, सेवा शुल्क तथा घर तथा जग्गा रोक्का शुल्क लाग्ने लिखतहरू पारित गर्दा भूमिसुधार तथा मालपोत कार्यालय र दाखिल खारेज हुने घर तथा जग्गा भएको इलाका एकै प्रदेशभित्र पर्ने भए घर तथा जग्गाको रजिष्ट्रेशन शुल्क वा सेवा शुल्क वा घर तथा जग्गा रोक्का शुल्कको थप दश प्रतिशत शुल्क लाग्नेछ।<br>(ग) अंशवण्डा र अंश भरपाई बाहेकका यस अनुसूचीमा लेखिएका रजिष्ट्रेशन शुल्क, सेवा शुल्क तथा घर तथा जग्गा रोक्का शुल्क लाग्ने लिखतहरू पारित गर्दा लिखत पारित गर्ने भूमिसुधार तथा मालपोत कार्यालय र दाखिल खारेज भइजाने घर तथा जग्गा फरक फरक प्रदेशमा पर्ने भएमा लिखत पारित गर्ने इलाका रहेको प्रदेशमा तीन प्रतिशत र दाखिल खारेज भइजाने घर तथा जग्गा भएको इलाकाको प्रदेशले थप सात प्रतिशत शुल्क दाखिल गर्नु पर्नेछ। | | | |
| ५. | मानो छुट्टिएको र मानो जोडिएको लिखत (रुपैयाँ) | | | |
| (क) | मानो छुट्टिएको प्रति लिखत | ११,०००।- | १०,०००।- | ५,०००।- |
| (ख) | मानो जोडिएको प्रति लिखत | १२,०००।- | १०,०००।- | ५,०००।- |
| ६. | शेषपछिको वकसपत्रको लिखत | | | |
| | शेषपछिको वकसपत्र/अष्टलोहको प्रति लिखत (रुपैयाँ) | | | |
| (क) | तीन पुस्ताभित्रको | ८,०००।- | ७,०००।- | ५,०००।- |
| (ख) | तीन पुस्ताबाहिरको | १२,०००।- | १०,०००।- | ५,०००।- |
| ७. | बन्धकीको लिखत<br>दृष्टिबन्धकी, भोगबन्धकी र लखबन्धकीको लिखतको थैली अंकमा | १.५०% | १.५०% | १.२५% |
| ८. | अधिकारनामा, मञ्जुरीनामा र अख्तियारनामाको लिखत (रुपैयाँ)<br>प्रति लिखत (रुपैयाँ) | २,०००।- | २,०००।- | २,०००।- |
| ९. | कपाली तमसुक र करारनामाको लिखत | | | |
| | दाखिल खारेज नहुने कपाली तमसुक र करारनामाको प्रति लिखत | १.००% | १.००% | १.००% |
| | गुठी स्थापना लिखत वापत (गुठी दर्ता) | रु.६००।- | रु.५००।- | रु.४००।- |
| | घर बहाल लिखत बापत पहिलो महिनाको बहाल रकमको | ५.००% | ४.००% | ३.००% |

| क्र.सं. | लिखतको प्रकार | रजिष्ट्रेशन दस्तुरको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अंकमा | | |
|---|---|---|---|---|
| | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| | फलोपभोग (युजुफ्रुक्ट) | रु.१,०००।- | रु.७००।- | रु.५००।- |
| | शेषपछिको बकसपत्र संशोधन वा रद्द गर्दा | | | |
| | (क) सर्त संशोधन | रु.१,५००।- | रु.१,०००।- | रु.५००।- |
| | (ख) बकसपत्र रद्ध (रुपैयाँ) | रु.२,०००।- | रु.१,५००।- | १,०००।- |
| | अन्य लिखत | | | |
| | (क) रकम खुलेकोमा | ३.००% | २.००% | १.००% |
| | (ख) रकम नखुलेकोमा (रुपैयाँ) | ७,०००।- | ५,०००।- | ३,०००।- |

**ख. सेवा शुल्क**

| क्र.सं. | विवरण | सेवा शुल्कको दर अन्यथा उल्लेख भएकोमा बाहेक थैली अङ्कमा | | |
|---|---|---|---|---|
| | | उपमहानगरपालिका क्षेत्रको दस्तुर | नगरपालिका क्षेत्रको दस्तुर | गाउँपालिका क्षेत्रको दस्तुर |
| १. | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर शुल्क | | | |
| | लिखत रजिष्ट्रेशनको लागि डोर माग गर्ने निवेदनमा डोर दस्तुरः | | | |
| (क) | तराई क्षेत्रमा | रु.२०,०००।- | रु.१५,०००।- | रु.१०,०००।- |
| (ख) | अन्य क्षेत्रमा | रु.१५,०००।- | रु.१०,०००।- | रु.६,०००।- |
| | वित्तीय धितो | | | |

| | | | | |
|---|---|---|---|---|
| २. | नेपाल राष्ट्र बैङ्कबाट वित्तीय कारोबार गर्न स्वीकृति प्राप्त बैङ्क, वित्तीय तथा सहकारी संस्था एवम् अन्य संस्थाले दिने कर्जाको धितोबन्धक वा दृष्टिबन्धक लिखतमा | | | |
| (क) | रु.१ लाखसम्मको लिखतको थैली अङ्कमा | रु.१,०००।- | रु.१,०००।- | रु.१,०००।- |
| (ख) | रु.१ लाख भन्दा बढी रु.५ लाख सम्मको थैली अङ्कमा | रु.१,५००।- | रु.१,५००।- | रु.१,५००।- |
| (ग) | रु.५ लाख भन्दा बढी रु.१० लाख सम्मको थैली अङ्कमा | रु.२,५००।- | रु.२,५००।- | रु.२,५००।- |
| (घ) | रु.१० लाख भन्दा बढी रु.२० लाखसम्मको थैली अङ्कमा | रु.३,०००।- | रु.३,०००।- | रु.३,०००।- |
| (ङ) | रु.२० लाख भन्दा बढी रु.३५ लाखसम्मको थैली अङ्कमा | रु.५,०००।- | रु.४,५००।- | रु.४,०००।- |
| (च) | रु.३५ लाख भन्दा बढी रु.५० लाखसम्मको थैली अङ्कमा | रु.१०,०००।- | रु.५,०००।- | रु.५,०००।- |
| (छ) | रु.५० लाख भन्दा बढी रु.१ करोडसम्मको थैली अङ्कमा | रु.२५,०००।- | रु.२२,०००।- | रु.२०,०००।- |

| | | | | |
|---|---|---|---|---|
| (ज) | रु.१ करोड भन्दा बढी रु.२ करोडसम्मको थैली अङ्कमा | रु.३३,०००।- | रु.३०,०००।- | रु.२८,०००।- |
| (झ) | रु.२ करोड भन्दा बढी रु.५ करोडसम्मको थैलीमा अङ्कमा | रु.५०,०००।- | रु.४५,०००।- | रु.३५,०००।- |
| (ञ) | रु. ५ करोड भन्दा बढी रु. २० करोडसम्मको थैलीमा अङ्कमा | रु.१,००,०००।- | रु.९०,०००।- | रु.८०,०००।- |
| (ट) | रु. २० करोड भन्दा बढी रु. ५० करोडसम्मको थैलीमा अङ्कमा | रु.२,००,०००।- | रु.१,५०,०००।- | रु.१,२५,०००।- |
| (ठ) | रु. ५० करोड भन्दा वढी जतिसुकै थैली अङ्कमा | रु.५,००,०००।- | रु.३,००,०००।- | रु.२,००,०००।- |
| | **लिज** | | | |
| ३. | सरकारी जग्गा लिजमा उपलब्ध गराउनेः | | | |
| | सरकारी जग्गा दर्ता, उपयोग तथा लिजमा उपलब्ध गराउने सम्बन्धी कार्यनीति, २०७९ को अनुसूची-२ अनुसारको दस्तुर लाग्नेछ। | | | |
| ४. | जग्गाधनी दर्ता स्रेस्ताको प्रतिलिपिको लागि (टिकट बाहेक) प्रति पुर्जा | | | |
| (क) | तराई क्षेत्र | रु.१,०००।- | रु.७००।- | रु.५००।- |
| (ख) | अन्य क्षेत्र | रु.७००।- | रु.५००।- | रु.२००।- |
| | नोटः जुनसुकै प्रयोजनको लागि प्रतिलिपि लिँदा समेत लागु हुनेछ। | | | |
| ५. | दाखिल खारेज शुल्क | | | |
| (क) | करार अनुसार लिखत पारित गर्न ठहर्‍याएको फैसला वा मिलापत्र अनुसारको दाखिल खारेज गर्दा | ५.००% | ४.५०% | २.००% |
| (ख) | अन्य मिलापत्र (अंश र अपुताली बाहेक) को दाखिल खारिज गर्दा | २.७५% | २.२५% | १.००% |
| (ग) | बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार गरी बैक तथा वित्तीय संस्थाको पत्रानुसार व्यक्तिको नाममा दाखिल खारेज गर्दाको थैली अङ्कमा | ३.५०% | ३.००% | २.५०% |
| (घ) | बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाबाट कर्जा प्रवाह गर्दा लिएको धितो लिलाम गर्दा व्यक्तिले सकार नगरी ऋणीकै नामबाट बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाले आफ्नो नाममा दाखिल खारेज गर्दा प्रति मिसिल | रु.१०,०००।- | रु.८,०००।- | रु.५,०००।- |
| (ङ) | बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्थाले कर्जा प्रवाह गर्दा लिएको धितो लिलाममा बैङ्क तथा वित्तीय संस्था वा सहकारी संस्था आफैले | २.००% | २.००% | १.००% |

| | | | | |
|---|---|---|---|---|
| | सकार गरेपछि सम्बन्धित ऋणीलाई नै फिर्ता गर्दा पारित गर्ने लिखतको थैली अङ्कमा | | | |
| | (१) भूमिसुधार कार्यालयबाट जग्गा बाँडफाँट भई दाखिल खारेज हुन आउँदा प्रति मिसिल | रु.५००।- | रु.४००।- | रु.३००।- |
| | (२) अदालत वा न्यायिक निकायको फैसला बमोजिम लिलाम बढाबढ गरी दाखिल खारेज गर्दा प्रति मिसिल | रु.३,०००।- | रु.१,०००।- | रु.५००।- |

| | | | | | |
|---|---|---|---|---|---|
| (च) | शेषपछिको बकसपत्रको दाखिल खारेज | | | | |
| | (अ) तीनपुस्ताभित्र भए | | सबै क्षेत्रका लागि हालैको बकसपत्र सरह | | |
| | (आ) तीनपुस्ताबाहिर भए | | सबै क्षेत्रका लागि राजिनामा सरह | | |
| ६. | नामसारी | (क) तीन पुस्ता भित्रको नामसारी गर्दा | रु.१,२००।- | रु.१,०००।- | रु.५००।- |
| | | (ख) तीन पुस्ताभन्दा बाहिरको नामसारी गर्दा | रु.३,५००।- | रु.३,५००।- | रु.२,०००।- |
| ७. | हाल साविक | पुनः नापजाँच पछिको स्रेस्ता हाल साविक तथा अद्यावधिक गर्दा प्रति मिसिल | रु.५००।- | रु.३००।- | रु.२००।- |
| ८. | घर कायम | स्रेस्ता पूर्जामा घर जनाउने प्रति निवेदनमा | रु.२,५००।- | रु.२,५००।- | रु.१,०००।- |
| ९. | संशोधन दस्तुर | मालपोत ऐन, २०३४ को दफा ७(३) अनुसारको विवरणमा संशोधन गर्नु पर्दा प्रति मिसिल | रु.३००।- | रु.२००।- | रु.१००।- |
| १०. | रोक्का दस्तुर | (क) लिखत रजिष्ट्रेशन भएकोमा (थैली अङ्क जतिसुकै भएपनि) | नलाग्ने | नलाग्ने | नलाग्ने |
| | | (ख) लिखत रजिष्ट्रेशन नहुनेमा | | | |
| | | (अ) रु.१ लाखसम्मको ऋण अङ्कमा | रु.४००।- | रु.३००।- | रु.२००।- |
| | | (आ) रु.१ लाख भन्दा बढी रु. ५ लाखसम्म | रु.७००।- | रु.५००।- | रु.३००।- |
| | | (इ) रु. ५ लाख भन्दा बढी रु १५ लाखसम्म | रु.१,०००।- | रु.७००।- | रु.५००।- |
| | | (ई) रु. १५ लाख भन्दा बढी रु ५० लाख सम्म | रु.२,०००।- | रु.१,५००।- | रु.१,२००।- |
| | | (उ) रु. ५० लाख भन्दा बढी | रु.३,०००।- | रु.२,५००।- | रु.१,५००।- |
| | | (ऊ) ऋण अङ्क नखुलेकोमा | रु.४,०००।- | रु.३,०००।- | रु.२,०००।- |

**ग. विविधः**

| | |
|---|---|
| १. | अधिकारनामा र शेषपछिको बकसपत्र लिखत बाहेक अन्य सबै प्रकारको लिखतमा थैली अंक अनिवार्य खुलाउनु पर्नेछ। |
| २. | जलविद्युत उद्योग, चिया खेती, कफी खेती, कपास खेती, पुष्प व्यवसाय, तरकारी खेती, पशुपन्छीपालन, अलैंची खेती, जडीबुटी खेती एवम् फलफूल उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उल्लिखित उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ३. | सामुहिक खेती योजना अन्तर्गत कृषि उत्पादन बढाउने उद्देश्यले व्यक्तिहरू मिली जग्गाको चक्ला मिलाई खेती गर्ने उद्योग खोली त्यस्तो उद्योगको नाममा लिखत पारित भएमा सोमा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचहत्तर प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ४. | सूर्ती, गुड्खा, पानपराग र मदिराजन्य उद्योग बाहेकका उत्पादनमूलक उद्योगले उद्योग स्थापना तथा सञ्चालन गर्न उद्योगको नाममा खरिद गर्ने जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरमा पचास प्रतिशत छुट हुनेछ।<br>तर त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| ५. | (क) कृषि ऋण, बिमा संस्थान, बिमा समितिबाट स्वीकृत प्राप्त बिमा कम्पनी, विश्वविद्यालय, बैङ्क तथा वित्तीय संस्थाले आफ्ना बहालवाला कर्मचारीलाई सेवा सर्तबमोजिम दिने ऋण सुविधाको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ।<br>तर, सेवा शुल्क रु. १०००।- लाग्नेछ। |
| | (ख) कर्मचारी सञ्चयकोष तथा नागरिक लगानी कोषले नियमित बचत जम्मा गर्ने आफ्ना सञ्चयकर्तालाई ऋण सुविधा उपलब्ध गराउँदा लिने धितोको धितो बन्धक लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर छुट हुनेछ।<br>तर, सेवा शुल्क रु. ५००।- लाग्नेछ। |
| ६. | (क) सहकारी ऐन, २०७४ बमोजिम दर्ता भई संचालनमा रहेका सहकारी संस्थाले आफ्ना शेयर सदस्यहरू बीच ऋण लगानी-प्रवाह गर्दा तीस लाख रुपैयाँसम्मको थैली अंकमा रोक्का दस्तुर बाहेक सेवा शुल्क छुट हुनेछ। सो भन्दा माथिको थैली अंकमा खण्ड ख. सेवा शुल्क महलको क्र.सं. २ बमोजिमको सेवा शुल्क लाग्ने छ। |
| | (ख) बैंकिङ्ग तथा वित्तीय व्यवसाय र बिमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरू एक आपसमा गाभिन चाहेमा गाभिने संस्थाहरूले सो प्रयोजनका लागि घरजग्गाको एकीकृत गर्दा संशोधन दस्तुर बाहेक अन्य दस्तुर लाग्ने छैन। |
| ७. | जनआन्दोलन पहिलो, दोस्रो र मधेश आन्दोलमा सहादत प्राप्त गरेका सहिदका आश्रित पति, पत्नी, छोरा र छोरी तथा माता–पिताको नाममा स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लाग्ने सबै प्रकारका दस्तुर र शुल्क पूर्ण रूपमा छुट हुनेछ। |

| | |
|---|---|
| ८. | अपाङ्गता भएका व्यक्ति, दलित एवम् पिछडिएका जाति भनी स्थानीय तहबाट प्रमाणित भएको सिफारिस वा अधिकारिक प्रमाणको आधारमा तिनीहरूको नाममा स्वामित्व प्राप्त हुँदा यस ऐन बमोजिम असुल गरिने घर जग्गा रजिष्ट्रेशन दस्तुरमा पच्चिस प्रतिशत छुट हुनेछ। |
| ९. | (क) महिला, सत्तरी वर्षभन्दा बढी उमेरका ज्येष्ठ नागरिक र नावालकको नाममा जुनसुकै प्रकारबाट स्वामित्व प्राप्त हुने गरी पारित हुने लिखतमा यस ऐन बमोजिम लगाइएको रजिष्ट्रेशन दस्तुरमा पच्चिस प्रतिशत छुट हुनेछ।<br>तर, एकल महिलाको हकमा भने पैंतिस प्रतिशत छुट हुनेछ। हिमाली जिल्लाहरू बझाङ, बाजुरा र दार्चुलाका गाउँपालिकाका हकमा भने ५० प्रतिशत छुट हुनेछ। |
| | (ख) हाल पति वा पत्नीको नाममा कायम रहेको घर जग्गाको स्वामित्व परिवर्तन गरी पति–पत्नी दुवैको संयुक्त स्वामित्वको रूपमा लिखत गर्न चाहेमा सो संगोलनामाको लिखतमा रु.१००।– मात्र रजिष्ट्रेशन दस्तुर लाग्नेछ। |
| | (ग) १०० जना भन्दा बढी व्यक्तिलाई प्रत्यक्ष रोजगारी दिने उत्पादनमूलक उद्योग स्थापना गर्न वा विस्तार गर्नका लागि जग्गा खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुरको लिखतमा ५० प्रतिशत छुट दिइनेछ।<br>तर, त्यस्तो जग्गाको प्रयोग उद्देश्य विपरित भएको पाइएमा मालपोत कार्यालयले छुट भएको रजिष्ट्रेशन दस्तुर असुल गरी सोही रकम बराबर जरिवाना गर्नु पर्नेछ। |
| १०. | भूमिहिन, मुक्त कमैया र मुक्त हलिया परिवारले सहुलियत ऋण र अनुदान प्राप्त गरी खरिद गरेको जग्गाको लिखत पारित गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सेवा शुल्क र रोक्का दस्तुर पूर्ण रूपमा छुट हुनेछ। |
| ११. | बैङ्क तथा वित्तीय संस्था एवम् सहकारी संघ वा संस्था र अदालतबाट भई आएको मिलापत्र अनुसार दाखिल खारेज गर्नुपर्दा सेवा दस्तुर असुल गर्ने प्रयोजनको लागि तोकिएको कार्यालयले रजिष्ट्रेशन प्रयोजनको लागि तोकिएको न्यूनतम मूल्य वा अदालतमा भएको मिलापत्र वा बन्धकी लिखत वा बैंक तथा वित्तीय संस्था एवम् सहकारी संघ वा संस्थाको पत्रमा उल्लेख भएको मूल्यमध्ये जुन बढी हुन्छ सोही मूल्यलाई कायम गर्नु पर्नेछ। |
| १२. | प्रदेश सरकारले चाहेमा धार्मिक तथा सामाजिक हितका निमित्त स्थापित नेपालमा दर्ता भएका संघ संस्था वा निकायले आफ्नो नाममा निःशुल्क रूपमा प्राप्त गर्ने जग्गाको लिखत पारित गर्दा पचास प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ। |
| १३. | मालपोत र नापी कार्यालयको स्रेस्ता सुधार, फर्निचर, मर्मत सम्भार, निर्माण एवम् अन्य लजिष्टिक सपोर्टको लागि प्रदेश सरकारले उपयुक्त ठहऱ्याएको रकम सम्बन्धित मालपोत र नापी कार्यालयलाई प्रदान गर्न सक्नेछ। |
| १४. | यो ऐन प्रारम्भ हुँदाका बखत नेपाल सरकारबाट घोषणा भएका वा यसपछि घोषणा हुने नगरपालिकाको हकमा त्यस्ता नगरपालिकाको नाम र क्षेत्र निर्धारण गरी नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरेको मितिदेखि यस अनुसूची बमोजिमको घर जग्गा रजिष्ट्रेशन दस्तुर र सेवा शुल्क लाग्नेछ। |
| १५. | सहकारी ऐन, २०७४ को दफा ५ अन्तर्गत दर्ता भएका सहकारी संस्थाहरूले संस्थाको प्रयोजनको लागि मात्र पहाडी क्षेत्रमा २ रोपनी, तराई र भित्री मधेशमा ३ कठ्ठासम्म जग्गा र भवन खरिद गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, सहकारी विभागको सिफारिसमा लाग्ने रजिष्ट्रेशन दस्तुर पूर्ण रूपमा छुट हुनेछ।<br>तर त्यस्ता सहकारी संस्थाले रजिष्ट्रेशन दस्तुर छुट सुविधामा खरिद गरेको जग्गा तथा भवन संस्था गाभिएको वा विघटन भएको अवस्थामा बाहेक बिक्री गरेमा पहिले छुट दिएको रजिष्ट्रेशन दस्तुर असुल उपर गरिनेछ। |

| | |
|---|---|
| १६. | विविधको क्रमसंख्या ७, ८, ९ र १० बमोजिम छुट दिँदा एकै व्यक्तिलाई एकभन्दा बढी आधारमा छुट पाउने भएमा सबैभन्दा बढी कुनै एकमात्र छुट दिइने छ। |
| १७. | एउटै कारोबारबाट ५० लाख रुपैयाँ वा सोभन्दा माथिको घर वा जग्गा खरिद बिक्री गर्दा क्रेताले बैङ्कबाट भुक्तानीको लागि योग्य (गुड फर पेमेन्ट) भनी छाप लागेको चेकको फोटोकपी पेश गरेपछि वा बिक्रेताका नाममा बैङ्कमा रहेको खातामा रकम जम्मा गरेको बैङ्क भौचरको फोटोकपी पेश गरेपछि मात्र मालपोत कार्यालयले लिखत पारित गर्नेछ। |
| १८. | पतिपत्नीको संयुक्त नाममा पारित हुने लिखतमा महिला सरह रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ। |
| १९. | तीनपुस्ताभित्र छोरी वा नातिनीहरूमा संयुक्त नामसारी भई दर्ताफारी गर्दा यसै अनुसूचीको खण्ड क. को क्रमसंख्या २ मा उल्लिखित छोडपत्रको दररेटको आधा शुल्क लाग्नेछ। |
| २०. | नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तह अन्तर्गत कुनै एक निकायको नाममा रहेको जग्गा अर्को कुनै निकायको नाममा रजिष्ट्रेशन वा दाखिल खारेज गर्दा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| २१. | कुनै व्यक्तिको स्वामित्वमा रहेको जग्गा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहको कुनै निकायलाई निःशुल्क रूपमा प्राप्त भएमा वा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह वा कुनै पनि निकायले खरिद गरी लिएमा सोमा रजिष्ट्रेशन दस्तुर तथा सेवा शुल्क लाग्ने छैन। |
| २२. | वैदेशिक रोजगारीबाट बैंकिङ्ग प्रणाली मार्फत रेमिट्यान्स प्राप्त भएको बैङ्कको प्रमाणित कागजातको आधारमा त्यस्तो रेमिट्यान्सबाट खरिद हुने जग्गाको लिखतमा पच्चिस प्रतिशत रजिष्ट्रेशन दस्तुर छुट दिइनेछ।<br>तर एकासगोल परिवारको नाममा बाहेक खरिद हुने जग्गाको लिखतको हकमा यो प्रावधान लागू हुने छैन। |
| २३. | बेइलाका वा बेजिल्लाबाट पारित लिखतको राजस्व दस्तुरको हकमा राजिनामा, सट्टापट्टा, सगोलनामा, छोडपत्र, दर्ताफारी, हालैको बकसपत्र, मानो जोडिएको छुट्टिएको, शेष पछिको बकसपत्र, अष्टलोह, लिखत बन्धकी, तमसुक, करारनामा लिखत बेइलाका वा बेजिल्लाबाट पारित गर्दा सम्बन्धित अनुसूचीमा तोकिए बमोजिमको दस्तुर जग्गा भएकै क्षेत्राधिकारको मालपोत कार्यालयको खातामा जम्मा भएको भौचर पेश गर्नुपर्ने साथै सम्बन्धित प्रदेशभित्रको भएमा ३ प्रतिशत पारित हुने मालपोत कार्यालयमा जम्मा गरी र सम्बन्धित प्रदेश बाहिरको भएमा ५ प्रतिशत पारित गर्ने मालपोत कार्यालयको खातामा जम्मा गरी सुदूरपश्चिम प्रदेश सञ्चित कोषमा दाखिला गर्नु पर्नेछ। अंशबण्डा तथा अंश भर्पाइको लिखतका हकमा अनुसूचीमा तोकिए बमोजिमको दस्तुर जग्गा भएकै क्षेत्राधिकारको मालपोत कार्यालयको खातामा जम्मा भएको भौचर पेश गरेमा बेइलाका वा बेजिल्लाबाट लिखत पारित हुने तर थप दस्तुर लाग्ने छैन। |
| २४. | सगोलनामा, दर्ताफारी र छोडपत्र सम्बन्धी लिखत पारित गर्दा कायम गरिने थैली अङ्कको सन्दर्भमा कारोबार हुने घरजग्गाको कुल थैली अङ्कमध्ये जे जति प्रतिशतमा हक हिस्सा लिने वा छाड्ने हो त्यही प्रतिशतका आधारमा मात्र थैली अङ्क कायम गरिनेछ। |
| २५. | हालैदेखिको बकसपत्र लिखत पारित गर्दा स्थानीय तहबाट तीन पुस्ता खुल्ने नाता प्रमाणित भएको हुनु पर्नेछ। |

| | |
|---|---|
| २६ | अनुसूची-१ को खण्ड क. घर जग्गा तथा अन्य रजिष्ट्रेशन दस्तुरको क्र.सं. ४ मा अंश भरपाईको लिखत गर्दा अंश भरपाई बापत दाखिल खारेज भइजाने घर तथा जग्गा र सबै अंशियारहरूका नाममा बाँकी रहेको सम्पूर्ण घर तथा जग्गा समेतका आधारमा थैली अंक कायम गरी सोही आधारमा लाग्ने प्रतिशतको यकिन गरी दाखिल खारेज भइजाने घर तथा जग्गाको मात्र रजिष्ट्रेशन शुल्क असुल गर्नु पर्नेछ। |
| २७. | (क) छुट सुविधामा खरिद भएको जग्गा बिक्रीका लागि लिखत पेस हुन आएमा साविकमा खरिद गर्दाको अवस्थामा छुटका लागि सिफारिस गर्ने स्थानीय तहले उद्देश्य विपरीत जग्गाको प्रयोग नभएको तर बिक्री गर्नुपर्ने भनी सहमति दिएको अवस्थामा साविकमा दिइएको रजिष्ट्रेशन शुल्क समेत असुल गर्नु पर्नेछ।<br>(ख) छुट सुविधामा खरिद भएको जग्गा बिक्रीको लागि लिखत पेस हुन आएमा साविकमा खरिद गर्दाको अवस्थामा छुटका लागि सिफारिस गर्ने स्थानीय तहले उद्देश्य विपरित जग्गाको प्रयोग भएको तर बिक्री गर्नुपर्ने भनी सहमति दिएको अवस्थामा साविकमा छुट दिइएको रजिष्ट्रेशन शुल्क र सो बराबरको जरिवाना रकम समेत असुल गर्नु पर्नेछ।<br>(ग) खरिद गर्दाको अवस्थामा छुटका लागि सिफारिस गर्ने स्थानीय तह र घरजग्गा रहेको स्थानीय तह फरक फरक परेमा दुवै स्थानीय तहको सिफारिस आवश्यक पर्नेछ। |
| २८. | एक पटक कारोबार भएको थैली अंकभन्दा कम मूल्याङ्कन कायम गरी लिखत पारित गर्न पाइने छैन। |
| २९. | कार्यक्षेत्रका आधारमा तय हुने नियामक निकाय सहकारी विभाग वा प्रदेश सहकारी वा स्थानीय तहको सिफारिसमा रजिष्ट्रेशन शुल्क पूर्णरूपमा छुट हुनेछ। |
| ३०. | साविकमा पारित भएका कुनै पनि लिखतको दाखिल खारेज गर्न बाँकी भएको अवस्था रही हाल दाखिल खारेज माग गर्न आएमा स्थानीय तहको घरबाटो सिफारिसका आधारमा थैली अंक कायम गरी चालु आर्थिक ऐन बमोजिम शुल्क असुल गर्नु पर्नेछ। |
| ३१. | भूमिसुधार तथा मालपोत कार्यालयबाट प्रवाह हुने जुनसुकै सेवा प्राप्त गर्नको लागि घर तथा जग्गा रहेको भूमिसुधार तथा मालपोत कार्यालयमा गई डोर माग निवेदन दर्ता गर्न सकिनेछ। डोर माग गरेको स्थान डोर माग निवेदन दर्ता गराएको कार्यालयको कार्यक्षेत्रभित्र रहेमा सोही कार्यालयका कर्मचारी नै खटी जानु पर्नेछ।<br>तर डोर माग गरेको स्थान डोर माग निवेदन दर्ता गराएको कार्यालयको कार्यक्षेत्र भन्दा बाहिर परेको खण्डमा डोर खटी जानुपर्ने स्थानको कार्यक्षेत्रभित्र पर्ने भूमिसुधार तथा मालपोत कार्यालयमा डोर माग निवेदनसहितका पेश हुन आएका सम्पूर्ण सक्कल कागजात संलग्न गरी घर तथा जग्गा रहेको भूमिसुधार तथा मालपोत कार्यालयले लिखित अनुरोध सहित पत्राचार गरेमा डोर माग गरेको स्थानमा गई उक्त लिखतमा सनाखत गराई स्वीकृत गरी पारित गरिदिनु पर्नेछ। |

अनुसूची-२

(दफा ३ को उपदफा (१) सँग सम्बन्धित)

**सवारी साधन कर, सेवा शुल्क र दस्तुर**

**क. सवारी साधन कर**

| | |
|---|---|
| १. निजी सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
| **सवारीको किसिम** | |
| (क) कार, जिप, भ्यान, माइक्रोबस | **वार्षिक कर दर** |
| (अ) १००० सि.सि. सम्म | रु.१९,०००।- |
| (आ) १००१ सि.सि. देखि १५०० सि.सि. सम्म | रु.२१,०००।- |
| (इ) १५०१ सि.सि. देखि २००० सि.सि. सम्म | रु.२३,०००।- |
| (ई) २००१ सि.सि. देखि २५०० सि.सि. सम्म | रु.३२,०००।- |
| (उ) २५०१ सि.सि. देखि २९०० सि.सि. सम्म | रु.३७,०००।- |
| (ऊ) २९०१ सि.सि. देखि माथि | रु.५३,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण र मिनीटिपर | |
| (अ) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.३५,०००।- |
| (आ) मिनीटिपर | रु.२५,०००।- |
| (ग) ट्रेक्टर र पावर टिलर | |
| (अ) ट्रेक्टर | रु.४,०००।- |
| (आ) पावर टिलर | रु.१,०००।- |
| (घ) मिनीट्रक/मिनीबस | रु.२०,०००।- |
| (ङ) ट्रक/बस | रु.३०,०००।- |
| (च) मोटरसाइकल | |
| (अ) १२५ सि.सि. सम्म | रु.२,५००।- |
| (आ) १२६ सि.सि. देखि १५० सि.सि. सम्म | रु.४,५००।- |
| (इ) १५१ सि.सि. देखि २५० सि.सि. सम्म | रु.५,५००।- |
| (ई) २५१ सि.सि. देखि ४०० सि.सि. सम्म | रु.८,०००।- |
| (उ) ४०१ सि.सि. र सो देखि माथि | रु.९,०००।- |

| २. सार्वजनिक सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | |
|---|---|
| (क) कार, जिप, भ्यान, माइक्रो बस | वार्षिक कर दर |
| (अ) १३०० सि.सि. सम्म | रु.८,०००।- |
| (आ) १३०१ सि.सि. देखि २००० सि.सि. सम्म | रु.१०,०००।- |
| (इ) २००१ सि.सि. देखि २९०० सि.सि. सम्म | रु.११,०००।- |
| (ई) २९०१ सि.सि. देखि ४००० सि.सि. सम्म | रु.१३,०००।- |
| (उ) ४००१ सि.सि. र सोभन्दा माथि | रु.१५,०००।- |
| (ख) डोजर, एक्साभेटर, लोडर, रोलर, ट्रिपर, क्रेन जस्ता मेशिनरी उपकरण | रु.१५,०००।- |
| (ग) ट्रेक्टर | रु.१,५००।- |
| (घ) पावर टिलर | रु.१,०००।- |
| (ङ) मिनीट्रक, मिनीबस | रु.१०,०००।- |
| (च) मिनी ट्रिपर | रु.१२,०००।- |
| (छ) ट्रक, बस | रु.१६,०००।- |

| ३. निजी विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
|---|---|---|
| (क) | मोटरसाईकल/स्कुटर | वार्षिक कर दर |
| | (अ) ५०० वाटसम्म | रु.१,०००।- |
| | (आ) ५०१ वाट भन्दा माथि १००० वाटसम्म | रु.१,५००।- |
| | (इ) १००१ वाट भन्दा माथि १५०० वाटसम्म | रु.२,०००।- |
| | (ई) १५०१ वाट भन्दा माथि | रु.३,०००।- |
| (ख) | कार, जिप, भ्यान, माइक्रोबस र बस | वार्षिक कर दर |
| | (अ) ४९ किलो वाटसम्म | रु.१०,०००।- |
| | (आ) ४९ किलोवाट भन्दा माथि १२५ किलो वाटसम्म | रु.१५,०००।- |
| | (इ) १२५ किलोवाट भन्दा माथि २२५ किलो वाटसम्म | रु.२०,०००।- |
| | (ई) २२५ किलो वाटभन्दा माथि | रु.३०,०००।- |
| ४. सार्वजनिक विद्युतीय सवारी साधनमा देहाय बमोजिम सवारी साधन कर लाग्नेछः- | | |
| (क) | कार, जिप, भ्यान, माइक्रोबस र बस | वार्षिक कर दर |
| | (अ) ४९ किलो वाटसम्म | रु.२,५००।- |
| | (आ) ४९ किलोवाट भन्दा माथि १२५ किलो वाटसम्म | रु.४,५००।- |
| | (इ) १२५ किलोवाट भन्दा माथि २२५ किलो वाटसम्म | रु.१०,०००।- |
| | (ई) २२५ किलोवाट भन्दा माथि | रु.१५,०००।- |

**ख. सवारी साधन दस्तुर तथा शुल्क**

**(१) सवारी साधन दर्तामा लाग्ने दस्तुर**

| सवारीको किसिम | | दस्तुर (रुपैयाँ) |
|---|---|---|
| सार्वजनिक | ठुला सवारी | २,५००।- |
| | मझौला सवारी | १,५००।- |

| सवारीको किसिम | | | दस्तुर (रुपैयाँ) |
|---|---|---|---|
| | साना सवारी | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | १,४००।- |
| | | (ख) मोटरसाइकल, स्कुटर | ५००।- |
| निजी | ठुला सवारी | | १,५००।- |
| | मझौला सवारी | | १,०००।- |
| | साना सवारी | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ८००।- |
| | | (ख) मोटरसाइकल, स्कुटर | ५००।- |

**स्पष्टीकरणः** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

**(२) सवारी साधन दर्ता परिवर्तन दस्तुर**

(क) यस प्रदेशबाट अन्य प्रदेशमा सरुवा सहमति भई गएका सवारी साधन

| सवारीको किसिम | | | दस्तुर (रुपैयाँ) |
|---|---|---|---|
| सार्वजनिक | ठुला सवारी | | २,०००।- |
| | मझौला सवारी | | १,५००।- |
| | साना सवारी | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | १,०००।- |
| | | (ख) मोटरसाइकल, स्कुटर | ५००।- |
| निजी | ठुला सवारी | | २,०००।- |
| | मझौला सवारी | | १,५००।- |
| | साना सवारी | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | १,०००।- |
| | | (ख) मोटरसाइकल, स्कुटर | ५००।- |

**स्पष्टीकरणः** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

(ख)अन्य प्रदेशबाट यस प्रदेशमा सरुवा भई आउने सवारी साधन

| सवारीको किसिम | | | दस्तुर (रुपैयाँ) |
|---|---|---|---|
| सार्वजनिक | ठुला सवारी | | २,५००।- |
| | मझौला सवारी | | १,५००।- |
| | साना सवारी | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | १,५००।- |
| | | (ख) मोटरसाइकल, स्कुटर | ५००।- |
| निजी | ठुला सवारी | | १,५००।- |
| | मझौला सवारी | | १,०००।- |
| | साना सवारी | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | १,०००।- |
| | | (ख) मोटरसाइकल, स्कुटर | ५००।- |

**स्पष्टीकरणः** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

(३) सवारी दर्ता प्रमाण पत्र (ब्लु बुक) नवीकरण दस्तुर

| सवारीको किसिम | | | दस्तुर (रुपैयाँ) |
|---|---|---|---|
| सार्वजनिक | ठुला सवारी | | ८००।- |
| | मझौला सवारी | | ५००।- |
| | साना सवारी | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ४००।- |

| | | | |
|---|---|---|---|
| | | (ख) मोटरसाइकल, स्कुटर | २००।- |
| निजी | ठुला सवारी | | ८००।- |
| | मझौला सवारी | | ५००।- |
| | साना सवारी | (क) कार, जिप, भ्यान, पिकअप, टेम्पो, पावर टिलर | ४००।- |
| | | (ख) मोटरसाइकल, स्कुटर | २००।- |

**स्पष्टीकरणः** पर्यटक सवारी र संस्थानको सवारी दस्तुर सार्वजनिक सवारी सरह लाग्नेछ।

(४) सवारी साधन नामसारी दस्तुर

| **सवारीको किसिम** | | | **दस्तुर (रुपैयाँ)** |
|---|---|---|---|
